## ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : १५ प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## ताँजाकोट गाउँपालिका पशु सुत्केरी भत्ता (गाई भैसीलाई) अनुदान सञ्चालन कार्यविधि – २०७९

**प्रस्तावना** :

गाई भैसीलाई बेतभरी दिने दुधको परिमाण ब्याएको दुई महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ। सो अवधी भित्र लैनो पशुले बढि दुध दिने सकेमा मात्र सोहि अनुपातमा सो बेत भरी नै उत्पादन कायम राख्न सकिन्छ। यसैले सो अवधी पशुको अति महत्वपुर्ण अवस्था रहेको र त्यस अवस्थामा नै नबजात बाच्छा बाच्छि-पाडा पाडीको स्याहार सुसार गर्नुपर्ने भएकोले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारका लागी कृषकहरुमा जागरण ल्याउन आवश्यक ठानी गाई भैसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न

गाउँकार्यपालिकाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ को उपदफा १ बमोजिम यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **पशु सुत्केरी भत्ता अनुदान** संचालन कार्यविधि - २०७९ रहेको छ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

३. **उद्देश्यहरुः**

क) दुधालु पशुको लैनो अवस्थामा थप स्याहार र उचित पोषणको माध्यमबाट दुध उत्पादन वृद्धि गरी सोहि अनुपातमा बेत भरी नै दुध उत्पादन कायम राख्ने

ख) बाच्छा-बाच्छी तथा पाडा-पाडीको मृत्यदर कम गरी उचित वृद्धि दर, तौल तथा गुणस्तर कायम राख्ने

ग) पशुको दुई बेतको अन्तर कम गरी लागत घटाउने

४. **कार्यक्रम संचालन हुने स्थानहरुः** यस ताँजाको गाउँपालिका अन्तर्गतका सबै वडामा लागु हुनेछ।

५. **यो कार्यक्रमको अवधिः** निरन्तर रहनेछ।

६. **कार्यक्रम संचालनको लागि कृषक छनोटका आधारहरूः**

क) पशु बिमा गरेको हुन पर्नेछ।

ख) सम्बन्धित वडा कार्यालयबाट सिफारिस गरेको हुनपर्नेछ।

ग) स्थलगत अनुगमन प्रतिवेदन (गाउँ पशु सेवा शाखाबाट) पेश गरेको हुनुपर्नेछ।

घ) निवेदन पेश गर्दा सुत्केरी पशुको तस्वीर सहित पेश गर्नुपर्नेछ।

७. **कार्यक्रम संचालनका लागी छनौट प्रकृयाः**

क) ताँजाकोट गाउँपालिका पशु सेवा शाखाले सार्वजनिक सुचना आह्वन गर्नेछ।

ख) अनुदान प्राप्त गर्न ईच्छुक कृषकले मापदन्ड पुरा गरी गाउँपालिका वा पशु सेवा शाखा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

ग) पशु विकास कार्यदलले पेश भएका विवरणको आधारमा कृषक छनोट गर्नेछ। प्रति कृषकलाई रु. २०००.०० दरले उपलब्ध हुने गरी छनौट समितिले प्राथमिकताको आधारमा कृषक छनोट गर्नेछ।

घ) विनियोजित बजेटबाट पुग्ने संख्याका कृषक भन्दा बढि आवेदन परेको हकमा गरिबीका सुचिमा परेका तथा हाल सम्म कुनै सुविधा नपाएको कृषकहरुलाई पहिलो प्राथामिकता दिई सूचि तयार पारिनेछ। यसो गर्दा पनि कृषक संख्या बढी भएमा पहिले ब्याउने पशुलाई पहिलो प्राथामिकता दिई कृषक छनौट गरिनेछ।

ङ) कृषक छनौट गर्नका लागी आर्थिक विकास समितिका संयोजक, आर्थिक विकास शाखा प्रमुख र पशु सेवा शाखाका प्रमुख रहने गरी ३ सदस्यीय छनौट समिति रहनेछ। अन्य आधार सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

ज) कृषक छनौट भइपछि छनौट भएका कृषकहरुले यो कार्याविधी अनुसारको अनुदान रकम प्राप्त गर्नेछन्।

८.**सेवा सँचालन प्रकृया**ः यस कार्याक्रम बमोजिमको सेवा सँचालन गर्ने प्रकृया देहाय बमोजिम हुनेछ।

क) छनौट भएका कृषकलाई पशु सेवा शाखाको शिफारिस **अनुसुचि-**२ अनुसार दिईनेछ।

ख) अनुदान प्राप्त गर्न छनौट भएका कृषकलाई गाउँपालिकाको कार्यालयले बैंक चेक मार्फत भुक्तानी गर्नुपर्नेछ।

ग) पशु ब्याई नसकेको तर व्याउने अवस्थाको प्रमाण सहित निवेदन पेश गरेर अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरुले पशु ब्याएको प्रमाण पशु सेवा शाखामा पेश गरेपछि मात्र अनुदान रकम प्राप्त गर्नेछन्।

९. गाई भैसीलाई **सुत्केरी भत्ता** पशु आहारा तथा भिटामिन मिनरल आदि खरिद कार्य गर्नका लागि तपशिल बमोजिमको अनुदान उपलब्ध गराईने छ।

| क्र.स. | कार्यक्रमको विवरण | ईकाई | रु |
|---|---|---|---|
| १ | सहकारी फार्म / व्यत्तिगत / व्यवसायिक फर्महरुको बिमित गाईभैसी लाई मात्र पशु सुत्केरी भत्ता | प्रति पशु प्रति बेत | २०००/- |

७. **भुक्तानी प्रक्रिया**ः पशु सुत्केरी भत्ता कार्यक्रमको भुक्तानी प्रक्रिया गाउँ पशु सेवा शाखाको सिफारिसमा कुल अनुदान रकम अनुगमन प्रतिवेदन प्राप्त भैसकेपछि एकमुष्ट भुक्तानी गरिने छ।

**अनुसुची–१**

मिति ....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
ताँजाकोट गाउँपालिका कार्यपालिकाको कार्यालय
चाखुरे ,हुम्ला ।

**बिषयःसुत्केरी भत्ता पाउँ ।**

उपरोत्त सम्बन्धमा त्यस कार्यालयको मिति........................................को सुचना अनुसार पशु सुत्केरी भत्ताका लागि यसै निवेदन साथ तपशिलका काँगजातहरु यसै निवेदन साथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**तपशिलः**

१. बिमा को प्रमाण पत्र ।
२. वडा कार्यालयको सिफारिस पत्र ।
३. स्थलगत अनुगमन प्रतिवेदन ।
४. सुत्केरी पशुको तस्बीर

निवेदक
हस्ताक्षर ......................
कृषकको नाम ः..................................................
कृषकको ठेगाना ः..............................................
सम्पर्क नं. ः..........................

**अनुसूची–२**

ताँजाकोट गाउँपालिका

कार्यापालिकाको कार्यालय

चाखुरे, हुम्ला

पशु सुत्केरी भत्ताको लागी पशुधनीले भर्ने

फर्म/कृषकको नामः ठेगानाः

| सि.न. | **पशुको बिबरण** | | | | | | | कृषकको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | पशुको किसिम | उमेर | ब्याएको मिति | रङ्ग | बिमा कम्पनी | ट्याग नं. | बिमाको अवधि | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

...................... ...................... ......................

पशु सेवा शाखा प्रमुख लेखा शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,

लाल प्रशाद ढकाल

प्रमुख प्रशासकय अधिकृत